# गोकर्णेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय,
जोरपाटी, काठमाडौँ,
वागमती प्रदेश, नेपाल ।

## आ.व. २०७७/०७८ को लागि बालुवा, माटोलगायतको कर तथा शुल्क संकलनको आन्तरिक आय ठेक्कासम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

प्रथमपटक प्रकाशित मिति : २०७७।०५।२५

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (घ) को ६ मा व्यवस्था भएबमोजिम यस गोकर्णेश्वर नगरपालिकाबाट आ.व. २०७७/०७८ को सम्झौता मितिदेखि मिति २०७८ असार मसान्तसम्मका लागि नगर कार्यपालिकाको बैठकको निर्णयले देहायबमोजिमका आन्तरिक आयसम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तपसिलबमोजिमको दररेटमा यस नगरपालिका क्षेत्रभित्रबाट संकलन भई आन्तरिक खपत वा अन्य क्षेत्रमा निकासी पैठारीका लागि बालुवा, माटो लिई गुड्ने सवारीसाधनहरूसँग नगरपालिकाबाट तोकिएको शर्तहरूको अधीनमा रही आन्तरिक आयसम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले संकलन तथा बिक्री कर, दस्तुर, शुल्क संकलन गर्नका लागि ठेक्का लिन इच्छुक (मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७६/०७७ सम्मको फर्म नवीकरण, आयकर चुक्ता प्रमाणपत्र भएको) फर्म, कम्पनी वा व्यक्तिबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी यस नगरपालिका क्षेत्रभित्रको लागि बोलपत्र आह्वान गरिएको छ ।

**तपसिल**

| कर तथा दस्तुर संकलन क्षेत्र | न्युनतम ठेक्का मूल्य रु. | बोलपत्र फारम दस्तुर रु | कैफियत |
|---|---|---|---|
| गोकर्णेश्वर नगरपालिका क्षेत्रभित्र | रू.२,३४,००,०००।०० (अक्षेरूपी दुई करोड चौंतीस लाख) | रू. ३,०००।०० | मू.अ. करबाहेक |

**शर्तहरु**

१) बोलपत्र खरिद गर्न इच्छुक बोलपत्रदाताले मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०७६/०७७ सम्मको फर्म नवीकरण, आ.व. २०७५/०७६ को कर चुक्ता प्रमाणपत्र पेश गरी सूचना प्रकाशित भएको मितिले ३०औं दिनसम्म कार्यालय समयभित्र यसै कार्यालयबाट खरिद गरी ३१औँ दिनको १२:०० बजेसम्म सिलबन्दी बोलपत्र दाखिला गरिसक्नुपर्नेछ र बोलपत्र ३१औँ दिनको २:०० बजे उपस्थित प्रतिनिधिको रोहवरमा यसै कार्यालयमा खोलिनेछ ।

२) बोलपत्र फारमसाथ धरौटीबापत कबोल अंकको ५ (पाँच) प्रतिशतले हुने जमानतको रकम यस कार्यालयको कृषि विकास बैंक जोरपाटी शाखामा रहेको खाता नं. ०२१०८०११४६१५६०८३ मा रकम जम्मा गरेको सक्कल भौचर वा सूचनामा जारी भएको मितिले कम्तीमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यताप्राप्त 'क' वर्गको वाणिज्य बैंकको बैंक ग्यारेन्टी (बिडबन्ड) पेश गर्नुपर्नेछ ।

३) बोलपत्र फारम खरिद एवं दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सो दिनपछि कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

४) प्राप्त हुन आएको बोलपत्र दर्ता गर्ने म्याद सकिएको दिन प्रस्तावदाताहरू वा निजका प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ । प्रस्ताव खोल्ने समयमा प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि प्रस्ताव खोल्न बाधा पर्नेछैन ।

५) नेपाल सरकारको प्रचलित कानुनबमोजिम लाग्ने आयकर, मूल्यअभिवृद्धि कर तथा शुल्कहरू प्रस्तावक स्वयंले तिर्नुपर्नेछ । कार्यालयमा बुझाउनुपर्ने सम्पूर्ण रकम र कर समेत बुझाइसकेपछि मात्र धरौटी रकम फिर्ता हुनेछ ।

६) बालुवा, माटोलगायतको कर तथा शुल्क संकलनको लागि निम्नानुसारको दररेट निर्धारण गरिएको छ ।

| क्र.सं. | विवरण | इकाइ | दर (संकलन शुल्क) | दर (बिक्री शुल्क) |
|---|---|---|---|---|
| १. | बालुवा घाटगद्दी एवं बिक्री (स्वीकृत खानी क्षेत्रबाहेक) | प्रतिघनफिट | रू. ३/– | रू ६/– |
| २. | माटो घाटगद्दी एवं बिक्री (स्वीकृत खानी क्षेत्रबाहेक) | प्रतिघनफिट | पचास पैसा | रू २/– |
| ३. | खानीजन्य उद्योगले आफैँ संकलन गरेका वस्तुमा बिक्री शुल्क मात्र लगाइनेछ । | | | |

७) बोलपत्रदाताले BOQ मा आफूले कबोल गरेको रकम अंक र अक्षरमा केरमेट नगरीकन स्पष्टसँग लेख्नुपर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

८) कुल कबोल अंकलाई दुई किस्ता कायम गरिनेछ । पहिलो किस्ताबापत कुल कबोल अंकको ५० प्रतिशतले हुने रकम सम्झौता हुनुअगावै बुझाउनुपर्नेछ र बाकी ५० प्रतिशत रकम माघ मसान्तभित्र बुझाउनुपर्नेछ ।

९) प्रथम किस्ता बुझाएपछि हुन आउने बाँकी रकमको २०७८ कार्तिक मसान्तसम्म म्याद भएको र नेपाल राष्ट्र बैंकबाट मान्यताप्राप्त 'क' वर्गको वाणिज्य बैंकको कार्यसम्पादन ग्यारेन्टी (परफरमेन्स बण्ड) पेश गर्नुपर्नेछ ।

१०) बोलपत्र स्वीकृत भई सम्झौता भएपश्चात् कुनै किसिमको छुट वा मिनाहा दिइनेछैन ।

११) बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित भएपश्चात् निर्धारित समयभित्र कार्यालयमा सम्झौता गरिसक्नुपर्नेछ ।

१२) बोलपत्रदाताले खामको बाहिरपट्टि ठेक्काको नाम र गोकर्णेश्वर नगरपालिकाको कार्यालय, जोरपाटी भनी बुझिने गरी लेख्नुपर्नेछ र बोलपत्र फारममा अंक र अक्षरमा केरमेट नगरी स्पष्टसँग लेख्नुपर्नेछ ।

१३) यस नगरपालिकाको छाप र कार्यालयको तर्फबाट प्रमाणित नभएको फारमलाई मन्यता दिइनेछैन ।

१४) म्याद नाघी वा रीत नपुगी प्राप्त भएको बोलपत्रउपर कुनै कारबाही हुनेछैन ।

१५) यस सूचनामा उल्लेख भएका कुरा यसैअनुसार र नभएको कुराको हकमा प्रचलित कानुनबमोजिम हुनेछ ।

१६) विशेष अवस्थामा सूचनामा उल्लिखित शर्त र समय हेरफेर गर्न र बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकाको कार्यालयमा निहित रहनेछ ।

१७) यससम्बन्धी विस्तृत जानकारी गोकर्णेश्वर नगरपालिकाको कार्यालय, जोरपाटी, काठमाडौँबाट प्राप्त गर्न सकिनेछ ।

१८) आ.व. ०७७/०७८ का लागि कर संकलन मिति सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**